# Allegheny County छुट भाडा परीक्षण कार्यक्रम (Discounted Fares Pilot Program) मा सामेल हुनुहोस्!

Allegheny County मानव सेवा विभाग (Department of Human Services, DHS) ले कम आय भएका बासिन्दाहरूमा यातायात किफायतीको प्रभाव बुझ्नका लागि पूरक पोषण सहायता कार्यक्रम (Supplemental Nutrition Assistance Program, SNAP) का 18 देखि 64 वर्ष उमेरका लाभान्वितहरूलाई 12-महिनाको परीक्षण कार्यक्रममा सहभागी गराउने प्रयास गरिरहेको छ।

## Allegheny County छुट भाडा परीक्षण कार्यक्रमका लागि को योग्य हुन्छ?

योग्य सहभागीहरू:

- हाल Allegheny County मा बसोबास गर्नेहरू
- सेप्टेम्बर 30, 2022 का दिन SNAP सुविधा प्राप्त गरेकाहरू
- 18 र 64 वर्ष बीचको उमेर भएकाहरू
- यस परीक्षण कार्यक्रममा पहिले नै सहभागी भइसकेका 18 देखि 64 वर्ष उमेरका परिवारका अन्य सदस्य नभएकाहरू

## परीक्षण कार्यक्रमले कसरी काम गर्छ?

परीक्षण कार्यक्रममा सहभागिता स्वैच्छिक हुन्छ तर यसमा तथ्याङ्क साझा गर्न र कहिलेकाहीँ सर्वेक्षण पूरा गर्न सहमत हुनुपर्नेछ। योग्य सहभागीहरूलाई हचुवा विधिद्वारा तीन समूहहरूमध्ये एकमा राखिनेछ:

1. **भाडा निःशुल्क हुने:** यस समूहले 12 महिनाका लागि सबै PRT यात्राहरूमा भाडा निःशुल्क हुने असीमित सुविधा प्राप्त गर्नेछ।
2. **50% छुट पाउने:** यस समूहले 12 महिनाका लागि सबै PRT यात्राहरूको लागत आधा (50%) घटाउने ConnectCard प्राप्त गर्नेछ जसमा पहिले नै $10 लोड गरिएको छ।
3. **छुट नपाउने:** यस समूहले पहिले नै $10 लोड गरिएको ConnectCard प्राप्त गर्नेछ तर भाडामा छुट पाउनेछैन।

## यो स्थायी हुनुको सट्टा किन परीक्षण कार्यक्रमको रूपमा रहेको छ?

परीक्षण कार्यक्रम भनेको सहभागीहरूबाट सिक्ने छोटो अवधिको अवसर हो जसको लक्ष्य स्थायी कार्यक्रमको रूपरेखा तयार गर्न जानकारी उपलब्ध गराउनु हुन्छ।

सार्वजनिक ट्रान्जिटको लागत घटाउँदा स्थानीय बासिन्दाहरूले कसरी फाइदा उठाउन सक्छन् भन्ने कुरा DHS बुझ्न चाहन्छ। यसमा यात्रु सङ्ख्यामा पर्ने प्रभावका साथै रोजगारी, सेवा र अन्य बासिन्दा आवश्यकताहरूमा पहुँच बढेको छ वा छैन भनेर गरिने जाँच समावेश हुनेछ।

**थप जान्न र आवेदन दिनका लागि, निम्न ठेगानामा जानुहोस्:**
**DiscountedFares.alleghenycounty.us**

Allegheny County
Discounted Fares
Pilot Program